सिमकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सिमकोट, हुम्ला
कर्णाली प्रदेश, नेपाल

## १. पृष्ठभुमिः

सुशासन (ब्यवस्थापन तथा संचालन) ऐन २०६४ को दफा ३० तथा सुशासन (ब्यवस्थापन तथा संचालन) नियमावली २०६५ को नियम १९ मा भएको कानुनी ब्यवस्था बमोजिम यस सिमकोट गाँउकार्यपालिकाको मितिः२०७९/१२/०७ गतेको निर्णय अनुसार सिमकोट गाँउपालिका वाट भएगरेका काम कार्यहरुको तेस्रो त्रैमासिक सार्वजनिक सुनुवाई कार्यक्रममा आयोजना गरिएको हो ।मुलुकमा संघीयता लागु भएपछी स्थानीय सरकारलाई विकास,सेवाप्रवाह र सुशानको केन्द्रविन्दुको रुपमा अगाडी सारीएकोछ । त्यस्तै विकेन्द्रीकरणको अवधारणा अनुसार विकासका प्रयासहरुलाई स्थानिय स्तरवाट नै सुरु गर्न सरकारले विभिन्न नीति नियम लागु गर्दै आएको छ । तिनै ऐन, नीति, नियम तथा कार्क्रमहरुले स्थानीय तहको संचालन तथा ब्यवस्थापन कार्य लाई सुदृढिकरण गर्दै अगाडी बढाई रहेका छन् । कुनै पनि कार्यालयको काम लाइ सुशासन र पार्दशिता, जवाफदेहिता, जनसहभागिता र विधिको शासन स्थापनाको लगि सार्वजनिक सुनुवाई कार्यक्रम गर्ने चलन रहेको छ । जनताको आवज तथा जनगुनासोहरुको प्रत्यक्ष रुपमा सम्वन्धित संघ संस्था तथा कार्यलयका प्रतिनिधिहरुले जवाफ दिने कार्यक्रमलाई सार्वजनिक सुनुवाई भनिन्छ । यो कार्यक्रम जनता प्रतिको जवाफदेहिता, उत्तरदायित्व र विकास संग सम्वन्धित रहन्छ । सिमकोट गाँउपालिका सिमकोट कार्यालय र सम्पुर्ण वडाकार्यालयवाट प्रवाह भइरहेको सेवा, विकास निर्माण, भौतिक पुर्वाधार निर्माण, सामाजिक विकास, शिक्षा, स्वास्थ्य, सरसफाई, लगायतका विविध विषयमा जनताहरुलाई सुशानको प्रत्याभुति दिनु र आम जनमानसम्म स्थानिय सरकारलाई सफल एवम् सवल संस्थाकोरुपमा स्थापित गर्नको लागि सार्वजनिक सुनुवाई संचालन गर्न सिमकोट गाँउकार्यपालिकाले निर्णय गरेको हो।

### २. *सार्वजनिक सुनुवाइको औचित्य*

सिमकोट गाँउकार्यपालिकाको निर्णय बमोजिम त्राइमासिक रुपमा गाँउसभा वाट विनियोजित बजेट तथा कार्यक्रमहरु वाट सञ्चालन र सम्पादन गरेको कामहरुको सार्वजनिक सुनुवाई गर्नुपर्ने कुरा उल्लेख भएको छ । सिमकोट गाँउपालिकामा आर्थिक वर्ष २०७९/०८० तेस्रो त्राईमासिक अवभिमा संचालन भएका विकास निर्माण कार्यहरु तथा स्थानीय वासिन्दाहरुका लागि पुर्याएको सेवा सुविधाको विषयमा सेवाग्राहीहरुको प्रतिक्रिया तथा गुनासाहरुका साथै आगमिदिनहरुमा सुधार गर्नका लागि चाल्नु पर्ने कदमहरुको वारेमा जानकारी लिने महत्वपुर्ण कार्यका लागि सार्वजिक सुनुवाई कार्यले सघाउ पुर्याउँछ । कानुनी शासन सामाजिक उत्तरदायित्व तथा  सार्वजनिक जवाफदेहिताको कार्य जिम्मेवारी निभाउन यस कार्यले सघाउँ पुर्याउँनेछ ।

### ३. *सार्वजनिक सुनुवाई कार्यक्रमको उद्देश्य*

उजिर रोकाया
नि.प्रमुख प्रशासकीय अधिकृत

यस  कार्यक्रमको उद्देश्य सिमकोट गाँउपालिका वाट आर्थिक वर्ष २०७९/०८० को तेस्रो तैमासिक अवधिमा गाँउपालिकाका वासिन्दाहरुलाई पुर्याएको सेवा सुविधा तथा सम्पादन गरिएका कार्यक्रमहरुको विषयमा जनताको प्रतिक्रिया तथा गुनसाहरुलाई ब्यवस्थापन गर्नु हो । यस कार्यक्रमका विशिष्ट उद्देश्यहरु यसप्रकार रहेकाछन् ।

१. जनगुनसाहरु सुन्नु
२. जनताको समस्याहरुमा छलफल गर्नु
३. गाँउपालिकामा त्रैमासिक रुपमा गरिएका कामहरुको मुल्यांकन गर्नु
४. आगमि दिनहरुमा गाँउपालिकाले सुधार गर्नु पर्ने क्षेत्रहरुको पहिचान र सुझाव प्राप्त गर्नु
५. जनता र गाँउपालिकाविचको सम्वन्ध सुमधुर वनाउनु

४. *सार्वजनिक सुनुवाई कार्यक्रमको विवरण*

- सार्वजनिक सुनुवाई कार्यक्रम आयोजकः सिमकोट गाँउपालिका
- सार्वजनिक सुनुवाई कार्यक्रम भएको मितिः२०७९/१२/२६
- सार्वजनिक सुनुवाई कार्यक्रम भएको स्थानःजिल्ला समन्वयको सभाहल
- सार्वजनिक सुनुवाई कार्यक्रमको समय र अवधिः दिनको ११ वजे वाट सुरु
- सार्वजनिक सुनुवाई कार्यक्रम संचालन अवधिः करिव ४ घण्टा सम्म संचालन भएको
- कार्क्रममा सहभागि संख्याः करिव ३००
- कार्यक्रमको अध्यक्षताःसिमकोट गाँउपालिका अध्यक्ष विजय भण्डारी

५. *सार्वजनिक सुनुवाईमा छलफल गरिएका विषयवस्तुहरुः*

शिक्षा,स्वास्थ्य, सरसफाई, खानेपानी, सुचना, रोजगार, कृषि क्षेत्र, गाँउपालिकाको भौतिक पुर्वाधार तथा विकास निर्माण, सेवा प्रवाह आय र ब्यय ।

६. *सार्वजनिक सुनुवाई कार्यक्रमको पहिलो शत्र ।*

कार्यक्रम संचालकःजंग वहादुर रोकाया

- अध्यक्षता ग्रहणःसिमकोट गाँउपालिका अध्यक्ष श्री विजय भण्डारी
- प्रमुख अतिथिः शिवराज शर्मा जिल्ला समन्वय प्रमुख
- विशेष अतिथिः श्रीनाथ पौडेल प्रमुख जिल्ला अधिकारी
- आसन ग्रहणको लागिः सिमकोट गाँउपालिका यपाध्यक्ष श्री शुसिला रोकाया भाम
- यस सिमकोट गाँउपालिकाका वडा अध्यक्षहरु क्रमश
- १ नम्वर वडाका वडा अध्यक्ष श्री गोर्ख लामा

उजिर रोकाया
प्रशासकीय अधिकृत

- २ नम्वर वडाका वडा अध्यक्ष श्री देवजन वोहरा
- ३नम्वर वडाका वडा अध्यक्ष श्री पामा लामा
- ४ नम्वर वडाका वडा अध्यक्ष श्री प्रताप लामा
- ५ नम्वर वडाका वडा अध्यक्ष श्री चिन रावत
- ६नम्वर वडाका वडा अध्यक्ष श्री नन्द रोकाया
- ७ नम्वर वडाका वडा अध्यक्ष श्री वलविर शाही
- ८नम्वर वडाका वडा अध्यक्ष श्री कमल बुढा
- सम्पुर्ण कार्यपालिका सदस्य यथास्थानमा आसन ग्रहण गरिदिनुहुन अनुरोध छ
- सम्पुर्ण गाँउसभाका सदस्य
- राजनीतिक दलका प्रतिनिधि
- यस सिमकोट गाँउपालिका अन्तरगतका विषयगत शाखाका प्रमुख
- वडा कार्यलयका वडा सचिव
- गाँउपालिकाका सबै कर्माचारी साथि
- प्रत्रकारबन्दुहरु
- सुरक्षा निकायका प्रतिनिधिहरु
- विद्यालयका शिक्षक सर मिसहरु
- स्वस्थ्य संस्थाका प्रतिनिधिहरु
- विभिन्न गैरसरकारी संघ सस्थाका प्रतिनिधि

७. राष्ट्रीय गानःसामुहिक

८. ज्ञात अज्ञात सहिदहरुको सम्झनामा १ मिनेट मौनधारण

९. स्वागत मन्तब्यःसिमकोट गाँउपालिका प्रवक्ता श्रि नन्द रावत

गाँउपालिकाको सेवा प्रवाह सम्वन्धि विषयगत प्रस्तुतिः प्रमुख प्रशासकीय अधिकृत श्री उजिर रोकाया

## सार्वजनिक सुनुवाई कार्यक्रमको दोस्रो शत्र

सार्वजनिक सुनुवाई कार्यक्रमलाई भव्य र सफल वनाउन पालना गर्नु पर्ने आचारसंहिता यसप्रकार रहेको छ।

उजिर रोकाया
प्रशासकीय अधिकृत

✓ सहभागिले वोल्नका लागि हात उठाएर संकेत गर्नुपर्नेछ ।

✓ सहभागिले प्रश्न वा सुझाव के राख्ने हो पहिले स्पष्ट गर्नुपर्नेछ ।

✓ सहजकर्ताले बौल्ने संकेत गरेपछि मात्र आफ्नो नाम सहित प्रश्न वा जिज्ञासा राख्नुपर्ने छ ।

✓ आफुभादा पहिलेका सहभागिले बोलेका कुरालाई दोहोर्याउन जरुरी हुनेछैन ।

✓ सहजकर्ताले दिईएको समय सिमा भित्र रहेर प्रश्न र सुझाव राखि सक्नु पर्नेछ ।

✓ चित्त नबुझेमा सहजकर्ताको अनुमति लिएर थप प्रश्न राख्न पाईनेछ ।

✓ सहभागिले विना आधार कसैप्रति लाञ्छनायुक्त भाषाको प्रयोग गर्न पाईने छैन ।

✓ सुनुवाईलाई विथोल्ने प्रयास कतै वाट भएको पाइएमा सबै सहभागि मिलेर शालिनता पुर्वक समाधान खोज्ने पहल गर्नु सबैको कर्तब्य हुनेछ ।

✓ सुनुवाईका बक्ता तथा सहभागिलाई उत्तेजित पार्ने वा वदलाको भावनावाट भनाई राख्न वा वोल्न पाईनेछैन ।

✓ सुनुवाईलाइ विषयान्तर हुन वाट सबै सहभागि सचेत हुनुपर्ने छ ।

सार्वजिक सुनुवाई प्रतिवेदनको ढाँचा

| क्र.सं. | प्रश्न,गुनासो वा सुझाव कर्ताको नाम, थर र ठेगना | सहभागिको प्रश्न, गुनासो वा सुझाव | प्रश्न, गुनासो वा सुझावसँग सम्वन्धित निकाय | जवाफ दिने सम्वद्ध पदाधिकारीको नाम, थर र पद | जवाफको छोटकरी ब्यहोरा | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | राजन रावत पत्रकार महासंघ अध्यक्ष | प्रश्न र गुनासो | सार्वजनिक सुनुवाई कार्यक्रमलाई वढी सहभागितमुलक वनाउन प्रचार प्रशार सहित आम जनताको सहभागिता गरिनुपर्ने र | सिमकोट गाँउपालिकाका लेखा लअधिकृत विशाल वोहरा | सिमकोट गाँउपालिकाको कुल वेरुजु करिव ४ करोड हारहारीमा रहेको र त्यसमध्य उपभोक्ता समितिमा वढि रहेको छ । वेरुजु फछ्यौंट समिति गठन गरी काम अगाडी वढिरहेको कुरा जानकारी गर्दछु । | |

जिर रोकाया
सकीय अधिकृत

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | गाँउपालिकाको वेरुजु के कस्तो रहेको छ ? | | | |
| २ | छक्क बहादुर वोहरा नेकपा एमाले प्रतिनिधि | | खल्ति वाट योजना वितरण गर्ने परिपाटी छ भन्ने कुरा के कसो हो ? त्यस्तै कर्माचारी नियुक्तिमा राजनितिक भागबण्डाको आधारमा नियुक्तिं हुन्छ भन्ने धारण बाहिर आएको छ के हो? | सिमकोट गाँउपालिका अध्यक्ष विजय भण्डारी | ब्यापक जनसहभागितामुलक ढङ्गमा स्थानीय सरकार संचालन एन २०७४ बमोजिम वजेट विनियोजन भएको र वजेट पुस्तिका समेत सार्वजनिक गरिको छ । हामिले विनियोजन गरेका सम्पुर्ण आयोजना तथा योजनाहरु पार्दशी र मितब्ययीरुपमा संचालन भएको जानकारी गर्दछु । र कर्मचारी नियुक्तिमा राजनितिक भागबण्डाको आधारमा नियुक्ति हुन्छ भन्ने धारण बाहिर आएको छ भन्ने जिज्ञासाको सन्दर्भमा सिमकोट गाँउपालिकावाट करार सेवामा नियुक्ति भएका सबै कर्माचारीहरु नीतिगत रुपमा | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | न्युयुक्ती भएको कुरा जानकारी गर्न चाहान्छु । | |
| | | | विषयगत क्षेत्रमा के कति वजेट विनियोजन भएको हो ? | सिमकोट गाँउपालिका लेखा अधिकृत विशाल वोहरा | विषयगत क्षेत्रहरुमा प्राथमिकताका आधारमा विनियोजन गरिएको छ । | |
| ३ | धर्माराज वोहरा सामाजिक विकास कार्यालय | | स्याम्ने सिमकोटल सडक खण्ड निर्माणमा ढुङ्गा र वालुवा निस्कासन भएर पहिरो जोखिम भएको हुदा त्यसको समाधान कुन निकायवाट हुने हो गाँउपालिका जिल्ला प्रशासन कार्यलय वन कार्यालय लगायत संलग्न निकायहरु | सिमकोट गाँउपालिका उपाध्यक्ष सुशिला रोकाया | तपाईले राख्नु भइको प्रश्न प्रति धन्यवाद । यस विषयमा जिल्ला प्रशासन कार्यालय,वन कार्यालय र जिल्ला प्रहरी कार्यालयविच समन्वय गरि त्यसको समाधान चाडै हुनेछ । | |
| ४ | छक्क बहादुर रोकाया नेकपा एमाले प्रतिनिधि | | सामाजिक सुरक्षा भत्ता वितरण किन ढिलाई भएको हो | पञ्जिकरण शाखा प्रमुख नर वहादुर जेठरा र विशाल वोहरा | सिमकोट गाँउपालिका वाट वितरण हुने सामाजिक सुरक्षा भत्ता रुपमा वैकिङ पणाली मार्फत वितरण हुदै आएको छ । | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ५ | रुप्सी सुनार वडा नं ७ दलित महिला सदस्य | | योजना वितरणमा महिला सदस्यहरुको सहभागित किन हुन सककेको छैन ? | सुशिला रोकाया गाँउपालिका उपाध्यक्ष | योजना तर्जुमामा गाँउसभाका सम्पुर्ण सदसस्य तथा कार्यपालिकाका सम्पुर्ण सदस्यहरुको सहभागिता लगायत सरोकारवालाहरुको आम सहभागिता वाट भएकाछन र दलित महिला तथा महिला लक्षित विभिन्न प्रकारका कार्यक्रमहरु संचालन भएकाछन् त्यसमा तपाईहरु जानकार नै हुनुहुन्छ ।योजना कुनै जनप्रतिनिधिको एकल विषय मात्र नभई सिंङ्गो गाँउपालिका र नागरिकहरुको साझा विषय भएकोले योजना छनौट देखि कार्यान्वयसन सम्म तपाईहरुको सकृय सहभागिताको अपेक्षा गर्दछु । | |
| ६ | काली वहादुर सुनार | | दलित लक्षित कार्यक्रम कार्यक्रम मात्र नभई गाँउपालिकाका | उजिर रोकाया प्रमुख प्रशासकीय अधिकृत | सिमकोट गाँउपालिका वाट करार सेवावाट नियुक्त भएका कर्मचारीहरुमा सके | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | विभिन्न पदहरुमा कर्मचारी नियुक्ति गर्दा दलितहरुको कोटा लागु किन गरिएको छैन ? | | सम्म समावेशिकरणको मापदण्डको आधारमा गरिएको छ। | |

प्रतिवेदन तयार पार्ने
दलजित कार्की
योजना शाखा प्रमुख

प्रतिवेदन प्रमाणित गर्ने
उजिर रोकाया
प्रमुख प्रशासकीयअधिकृत

उजिर रोकाया
नि.प्रमुख प्रशासकीय अधिकृत